नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मिति २०७५ आषाढ ३ गते बसेको सचिव बैठकका निर्णयहरु

१. नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन गर्ने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवबाट प्रस्तुत भएको ढांचालाई स्वीकृत गरी मिति २०७५ असार १५ गते भित्र सोही अनुसारको कागजात सबै मन्त्रालय/निकायले तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

२. कर्मचारी समायोजन तथा व्यवस्थापनका लागि कर्मचारी समायोजन नियमावली २०७४ बमोजिम संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामान्य प्रशासन) सचिवको संयोजकत्वमा गठन भएको संगठन व्यवस्थापन तथा सर्वेक्षण समितिले छोटो समयमा संगठन तथा व्यवस्थापन सर्वेक्षणको अधिकांश काम सम्पन्न गर्न सफल भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, संगठन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, सो कार्यमा संलग्न मन्त्रालयका कर्मचारीहरु र समितिको काममा सहयोग गर्ने सम्बद्ध निकायका सचिवहरु र सबैलाई धन्यवाद दिने ।

३. नीति तथा कार्यक्रममा समावेश भएका राष्ट्रिय महत्वका देहायका विषयमा कार्यक्रमगत अवधारणा र कार्यान्वयन रणनीति तयार गर्न देहायका सचिवको नेतृत्वमा तपसिल बमोजिमका विषयगत समूह गठन गर्ने:

- राष्ट्रिय तथ्यगत विवरण (National Socio Economic Profile) तयार गर्ने कार्य: सचिव, लालशंकर घिमिरे, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
- सूचना प्रविधिको विकास र नागरिक अधिकार मोबाइल एप्स सम्बन्धमा गर्नु पर्ने कामहरु : सचिव, संचार तथा सूचना प्रविधि
- दोहोरो अंकको नजीकको आर्थिक बृद्धि हासिल गर्न गर्नुपर्ने कार्यहरु : सचिव, अर्थ मन्त्रालय
- उत्पादन र उत्पादकत्व बृद्धिका लागि गर्नु पर्ने कार्यहरु : सचिव, अर्थ मन्त्रालय
- व्यापार घाटा घटाउने सन्दर्भमा चाल्नु पर्ने रणनीतिहरु: सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य)
- सबै प्रकारका सेवाको गुणस्तर कायम गर्न मानक तयार गर्ने र लगानी मैत्री वातावरण कायम गर्न गर्नुपर्ने कार्यहरु: सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (उद्योग)
- संघीयता कार्यान्वयनका सन्दर्भमा नेपालस्थित विदेशी नियोग र निकाय तथा विभिन्न तहका सरकारबीच सहयोग, भेटघाट लगायतका महत्वपूर्ण परराष्ट्र सम्बन्ध व्यवस्थित गर्ने विषय : सचिव, परराष्ट्र मन्त्रालय
- शान्ति सुरक्षा, विकास र अन्तर क्षेत्रगत समन्वय (Cross Cutting Issues) : सचिव, गृह मन्त्रालय
- संघीय तहमा सुशासन सम्बन्धमा गर्नुपर्ने विषय : सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

४. विषयगत समितिमा रहने सचिव सदस्यहरुको चयन संयोजकले नै गर्ने । समितिले २०७५ असार १५ गतेभित्र कार्ययोजना बनाइ प्रस्तुत गर्ने ।

५. विषयगत समितिको कामको समन्वय मुख्य सचिवको नेतृत्वमा रहेको समितिले गर्ने ।

६. मौलिक हक कार्यान्वयनका सन्दर्भमा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले निर्धारण गरेको समय सीमा अगावै अगावै कानून तर्जुमा कार्य सकी विधेयक दर्ता गर्ने कार्यलाई प्राथमिकतासाथ गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने ।

२०७५/३/३

मुख्य सचिव